भोटखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हटिया,संखुवासभा

पत्र सं.०८३/०८४
च.नं.

कोशी प्रदेश,नेपाल।
मिति:२०८३/०६/२२

सूचना ।   सूचना ।   सूचना । । ।

<u>विषय: स्वास्थ्य उपचारमा सहुलियत सुविधा छुट दिने सम्बन्धमा।</u>

भोटखोला गाउँपालिका र नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि. बिराटनगर ,काठमाडौं मेडिकल कलेज लि. काठमान्डौं र भक्तपुर बिच भोटखोलाको जनतालाई स्वास्थ्य उपचारमा सहुलियत सुविधा छुट दिने सम्बन्धमा सम्झौता भएकोले सोहि अनुसार सेवा सुविधा लिन हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

- भोटखोला गाउँपालिका भित्र बसोबास गर्ने स्वास्थ्य बीमा गरेका बासिन्दाहरु उपचारका लागि अस्पताल आउँदा नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य उपचार सेवासँग सम्बन्धित सम्पूण सुविधा (स्वास्थ्य बीमा, आमा सुरक्षा, विपन्न नागरिक औषधी उपचार कोष लगायत अन्य सबै) को सम्पूर्ण रुपमा उपभोग गरिसके पछिको अवस्थामा उपचार सुचारु गर्दा अप्रेशन सहितको अन्य सेवाहरुमा भक्तपुर दुवाकोट केएमसी अस्पतालमा ५०%, सिनामंगल केएमसी अस्पतालमा २५% र नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलमा २०% छुट दिने र सो सुविधा स्वास्थ्य बीमामा आबद्ध नभएका वा बीमा गरेतापनि बीमा कियासिल हुन भन्दा अगाडिको समयावधिका बिरामिहरुलाई पनि उपलब्ध हुने।
- सहुलियत प्राप्त गर्नका लागि अस्पताल आउने बिरामीले भोटखोला गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको पदाधिकारीको सिफारिस सहित आफ्नो ठेगाना खुल्ने परिचयपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी अनिवार्य रुपमा साथ लिई आउनुपर्ने।
- उल्लेखित उपचार सुविधा नगर अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीहरुबाट थप उपचारको लागि सिफारिस भई आउने कोशी प्रदेशका बिरामीहरुलाई समेत उपलब्ध गरिने र यसरी आउने बिरामी संग उक्त अस्पतालमा जाँच गराएको कागजात र थप उपचारको लागि पठाइएको उल्लेख हुनु पर्ने।
- यो सुविधा प्रत्यक्ष स्वास्थ्य उपचारसँग सम्बन्धित सेवाहरुमा मात्र लागु हुने र IVF, CTVS, Transplant, Plastic Surgery, Cosmetic Surgery, Neuro Intervention लगायतका सेवाहरु, cabin मा बसेर उपचार गर्दा साथै औषधी र चिकित्साजन्य सामाग्रीहरु (Implant, Surgical Items, Consumable Items) छुट सुविधा उपलब्ध हुने छैन।
- यो सुविधा २०८४/०६/०६ गते सम्मका लागि उपलब्ध हुनेछ।

> नोट: आकस्मिक अवस्थामा जानकारी तथा सहयोगको आवश्यकता परेमा अस्पतालसँग सम्पर्क गर्ने मोबाइल नम्बरहरु:

- ✓ सिनामंगल केएमसी अस्पताल: सुरक्षा चौहान-९८०२३३२५०८, अन्जली राई-९८०२३९४४७९
- ✓ दुवाकोट केएमसी अस्पताल: डिस्काउण्ट अफिसर-९७१४५२७८४३
- ✓ नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि. बिराटनगर- बिलिङ काउन्टर-९८०२७१०७२२,९७०५१२५०५८
  - नबिन दाहाल(जन सम्पर्क अधिकृत)-९७०५०२४९५५, ९८५२८७०५५९
  - ड्युटी अफिसर(कार्यालय समय बाहेक)-९८०२७१४९००,९८५२०३५७८२
  - जय राय(हस्पिटालिटी)-९८०२७३१७१५

.............
(एलिना घिमिरे)
अधिकृतस्तर सातौं (प्रशासन)